602

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३८१/२०७१/०७२

निर्णय नं.१५

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२२ बस्ने सुरजसिंह ठाकुर ....................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके ..........................१ विपक्षी
सूचना अधिकारी, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके ..........................१

विषय :- सूचना उपलब्ध गराउनू ।

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२२ बस्ने सुरजसिंह ठाकुरले मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. विद्यालयको मासिक आन्तरिक बजेट कति छ र सो बजेट कुन कुन ठाउँमा खर्च भएको छ ? सो को विवरण ।
२. यस विद्यालयबाट अपाङ्ग, दलित, जनजाति विद्यार्थी मध्ये कति जनालाई छात्रवृत्ति उपलब्ध भएको र एक जनालाई कति छात्रवृत्ति उपलब्ध भएको सो को विवरण ।
३. यो विद्यालयमा के सरकारी नियमानुसार कक्षा १ देखि १० सम्म विद्यार्थीहरुलाई प्राप्त हुने सेवासुविधाहरु निःशुल्क छन् ?

४. यस विद्यालयको कार्यसमितिको नामावलीको विवरण ।

५. विद्यालयमा विद्यार्थीहरुका लागि शैक्षिक भ्रमणका लागि एक वर्षमा कति रकम आएको हुन्छ । सो को लिखित विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

६. यस उद्योगबाट फोहोर (वेष्टेज) पानी कहाँ र कसरी व्यवस्थापन गरिन्छ ?

७. यस उद्योगले के कति स्थानीय विकास निर्माणका कार्यमा सहयोग गरेको छ कि छैन ? छ भने कसलाई सहयोग गरेको छ ?

८. यस उद्योगबाट भविष्यका कर्णाधार स्थानीय युवाहरुले के कति धार्मिक, सांस्कृतिक जस्ता चेतनामूलक कार्यक्रममा सहयोग प्राप्त गरेका छन् वा छैनन् ?

९. यस उद्योगमा कार्यरत सि. एम. मैनेजर कानून ऐन बमोजिम कार्य गर्दै आएका छन् वा छैनन् ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।